कालिका गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धैवुङ, रसुवा
बागमती प्रदेश, नेपाल

प.सं.२०८०।८१
च.नं. :

फोन नं:०१०-५४२०१६

## स्वयंसेवक सेवा करारका लागि सूचीकृत हुने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०७/२४

यस कालिका गाउँपालिकाको लागि तपसिलको पदमा देहाय बमोजिमको सङ्ख्या र योग्यता भएका स्वयंसेवक सेवा करारमा लिनुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा आवेदन दिन हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिलः

| सि.नं | स्वयं सेवक करार गरिने पद | संख्या | आवश्यक न्यूतम योग्यता |
|---|---|---|---|
| १ | स्वयंसेवक कम्प्युटर अपरेटर (पाँचौ तह) | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाण पत्र तह (+2) परीक्षा उत्तिर्ण गरी ६ महिने आधारभूत कम्प्युटर तालिम भएको |
| २ | स्वयंसेवक पशुस्वास्थ्य (सहायक चौथो तह) | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १८ महिने पशु विज्ञान उत्तिर्ण भएको |
| ३ | स्वयंसेवक पशुपन्छी खोपकर्ता | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १८ महिने पशु विज्ञान उत्तिर्ण भएको |

१. आवेदन पेस गर्ने माध्यम र स्थानः कालिका गाउँ कार्यपालिकाको कार्यालय, धैवुङ, रसुवामा आवेदन पेस गर्नुपर्ने,

२. आवेदन दिने अन्तिम मितिः २०८०/०८/०८ गते, दिनको ५:०० बजे।

३. आवेदकको उमेर हदः आवेदन दिन अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ।

४. सेवा सुविधाः कालिका गाउँ कार्यपालिकाको कार्यालयको स्वयंसेवक परिचालन कार्यविधिले तोके बमोजिम हुनेछ।

५. आवश्यक कागजातहरु

क. नेपाली नागरिकताको प्रतिलिपि १ प्रति

ख. हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति

ग. शैक्षिक योग्यताको प्रमाण-पत्रहरुको प्रतिलिपि १/१ प्रति

घ. तालिमको प्रमाण-पत्रहरुको प्रतिलिपि १/१ प्रति

थप जानकारीका लागि गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।

कृष्ण बहादुर के.सी. कुँवर
प्रमुख प्रशासकीय अधिकृत